**मिति २०७७०२०५ (विहान ८.००)**

आज मिति २०७७ साल जेठ ५ गते सोमबारका दिन विहान ८.०० मेचीनगर नगरपालिकाको प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा उपप्रमुख श्री मीना पोखेल उप्रेतीज्यूलगायत देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती | दस्तखत |
| वडा अध्यक्ष १, श्री पासाङ्ग तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष २, श्री तिलक न्यौपान | दस्तखत |
| वडा अध्यक्ष ३, श्री हर्कबहादुर बस्नेत | दस्तखत |
| वडा अध्यक्ष ४, श्री नवीन बराल | दस्तखत |
| वडा अध्यक्ष ५, श्री योगेन्द्र थापा | दस्तखत |
| वडा अध्यक्ष ६, श्री ललितबहादुर तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष ७, श्री चन्दन मेचे | अनुपस्थित |
| वडा अध्यक्ष ८, श्री विकेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष ९, श्री गोपाल खड्का | दस्तखत |
| वडा अध्यक्ष १०, श्री सुवेशकुमार पनेरु | दस्तखत |
| वडा अध्यक्ष ११, श्री सन्तोषकुमार मेचे | दस्तखत |
| वडा अध्यक्ष १२, श्री नरेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष १३, श्री कृष्ण सिग्देल | दस्तखत |
| वडा अध्यक्ष १४, श्री शंकर पोखरेल | दस्तखत |
| वडा अध्यक्ष १५, श्री गुणराज भट्टराई | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकाराम सार्की | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे | दस्तखत |
| कार्यपालिका सदस्य श्री निर्मला परियार | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाइँ | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी | दस्तखत |
| प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |
| उप सचिव श्री होमनाथ भण्डारी | दस्तखत |
| लेखा अधिकृत श्री पदमबहादुर कार्की | दस्तखत |
| खाद्य विश्लेषक श्री दीपेन्द्र कार्की | दस्तखत |

**निर्णय नं. १.** कोभिड–१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारबाट मिति २०७६।१२।११ देखि लक डाउन घोषणा भई कार्यान्वयनमा रहेको र नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौंको च. नं. ४३९, मिति २०७६।१२।१९ को राहत सम्बन्धी पत्रानुसार असंगठित क्षेत्रमा काम गर्ने श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी नमूना मापदण्ड, २०७६ लाई मेचीनगर नगर कार्यपालिकाको नगर जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन समितिअन्तर्गतको कोरोनाभाइरस नियन्त्रण विशेष कार्यदलको परामर्श तथा सुझावमा नगर कार्यपालिकाको मिति २०७६।१२।२० गते स्वीकृत **मेचीनगर नगरपालिकाको कोरोनाभइरस रोकथाम र राहत तथा उद्धार सञ्चालन कार्यविधि, २०७६** मा भएको मापदण्डका आधारमा नगर कार्यपालिकाको मिति २०७६।१२।२० को निर्णय नं. २ तथा मिति २०७७।०१।२१ को निर्णय नं. २ को खण्ड (ग) अनुसार हरेक वडा समितिको सिफारिस अनुसार क्रमशः वडा योजनामध्ये सञ्चालन हुन बाँकी रु. ३ लाख सम्मको योजना र रु. ४ लाखसम्मको योजनालाई **कोरोना भाइरस लकडाउन राहत** कार्यक्रममा कार्यविधिअनुसारको प्याकेज कायम गरी तोकिएको राहत सामग्रीको स्वीकृत मूल्यभन्दा बढी नहुने गरी वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालयबाट राहत सामग्री खरिद गरी सेवाग्राहीलाई तोकिएको विवरण भरी भराई वितरण गरिएको भर्पाइको आधारमा पेश भएको विलअनुसारको रकम भुक्तानी हुन तथा कोरोना भाइरस संक्रमणको सन्दर्भमा वडा कार्यालयहरुबाट प्रचार प्रसार लगायत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा भएको

खर्चको समेत पेश भएको विल भर्पाइ मिल्दो कार्यक्रम शीर्षक वा वडा कार्यालयको सिफारिस वा मागानुसार खर्चको वित्तीय उत्तरदायित्व र वित्तीय सुशासनको जवाफदेहिता वडाध्यक्षमा रहने गरी भुक्तानी दिन कार्यालयलाई निर्देशन दिन निर्णय गरियो ।

**निर्णय नं. २.** चालु आ. व. २०७६।०७७ मा मेचीनगर नगरपालिकाको निन्दा, टिमाई, मेची र हडिया नदीहरुको तोकिएका केन्द्रहरुबाट जिल्ला समन्वय समिति, झापाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण अद्यावधिक प्रतिवेदन अनुसार २,१६,६६५ घ. मि. नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री व्यवस्थाको लागि रु. ४ करोड ३३ लाख ३३ हजार (मू. अ. कर र अग्रिम आय कर बाहेक) ठेक्का अंक कायम भई विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी सुनसरीसँग मिति २०७६।०८।२८ देखि २०७७।०२।१५ सम्म वा तोकिएको नदीजन्य पदार्थको परिमाण उत्खनन अवधिसम्मको लागि मिति २०७६।०८।२७ मा ठेक्का संझौता र कार्यादेश समेत भई ठेक्का कार्यान्वयन भइरहेकोमा ठेकेदार पक्षको मिति २०७६।१०।०६ मा अख्तियारमा मुद्धा परेको, स्थानीयवासीको अवरोध, व्यापक जनगुनासो, साथै सवारी साधन स्काभेटर तोडफोड गर्ने धम्की इत्यादिका कारण उत्खनन गर्न नसकिने अवस्था भएकोले अवरोध भएको ठाउँको २०,००० (वीस हजार) घ. मि. नदीजन्य पदार्थ बराबरको पर्न आउने रकम कबोल ठेककाको बाँकी रकमबाट घटाइदिन माग भई आएको सन्दर्भमा छलफल हुँदा निवेदनको मागानुसार नै हुने गरी कूल संझौता अनुसारको २१६६६५ घ. मि. मध्ये उक्त २०००० घ. मि. घटाई १,९६,६६५ घ. मि. मात्र नदीजन्य पदार्थ उत्खनन गर्न साविक संझौता परिमार्जन गरी ठेक्का रकम समेत सोहीअनुसार कायम हुन कार्यालयलाई निर्देशन दिने गरी मिति २०७७।०१।२१ गते (निर्णय नं. ४) को निर्णय भएको, यसै सिलसिलामा विश्वव्यापी महामारीको सिर्जना हुन सक्ने कोरोना भाइरस संक्रमण तथा रोकथामको सन्दर्भमा मिति २०७६।१२।११ देखि नेपाल सरकारबाट लक डाउन घोषणासँगै उल्लिखित ठेक्का संझौताअनुसार नदीजन्य सामग्री समेत उत्खनन, संकलन र विक्रीको कार्य रोक्का रहेकोमा मिति २०७७।०१।२४ को नेपाल सरकारको निर्णय तथा जिल्लास्थित जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिका विभिन्न समितिहरुको बैठकबाट लक डाउनले निरन्तरता पाए पनि नदीजन्य सामग्री उत्खनन, संकलन र विक्री हुन खुल्ला भएको प्राप्त सूचनाको आधारमा यस कार्यालयको च. नं. ४०९७, मिति २०७७।०१।२८ को पत्रमार्फत् मिति २०७७।०१।२९ देखि उल्लिखित रोक्का रहेको ठेक्का सुचारु गर्न विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरीलाई पत्राचार गरी स्थानीय जनसंसद दैनिकको पत्रिकाको अनलाइन मार्फत् मिति २०७७।०१।२९ र ३० गतेका दिन सरोकारवालाहरुबाट ठेक्का संझौता कार्यान्वयनमा सहयोग र नियमनको लागि सार्वजनिक सूचना प्रकाशन गरी ठेक्का संझौता मिति २०७७।०१।२९ गतेदेखि नै सुचारु भएकोमा मिति २०७७।०१।३० को पत्रबाट ठेकेदार विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरीले लकडाउनको अवधि ४८ दिन भएकाले सो बराबर म्याद थप्न र लगत्तै मिति २०७७।०१।०२ मा र संझौताबमोजिमको उत्खनन कार्य गर्न नसकिने भएकोले उत्खनन भएको परिमाणको रकम कट्टा गरी बाँकी रकम फिर्ता गरी ठेक्का रद्द गर्न निवेदन दिएको सम्बन्धमा हाल निजलाई उत्खनन कार्यमा असहज भएको स्थानमा सबै जनप्रतिनिधिले सहजीकरण गरी सहयोग गर्न तथा कहीं बाधा उत्पन्न भएमा ठेक्का संझौता कार्यान्वयनमा सहयोग र नियमनका लागि स्थानीय प्रहरी र प्रशासनमा समेत अनुरोध गर्ने र हाल ठेक्का अवधि मिति २०७७।०२।१५ गतेसम्म ठेक्का संझौता अनुसार नै नदीजन्य सामग्री उत्खनन, संकलन र विक्री सुचारु हुन तथा ठेक्का संझौता रद्द नगर्ने र सोपछि राजश्व परामर्श समितिको परामर्श र अन्य स्थानीय तहको अभ्यास समेतको आधारमा आवश्यक निर्णय भएअनुसार हुने व्यहोरा ठेकेदार विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरीलाई कार्यालयबाट जानकारी गराउन समेत निर्णय गरियो ।

**निर्णय नं. ३.** जिल्ला समन्वय समितिको च. नं. ५०७, मिति २०७७।०२।०४ को पत्रमार्फत् मिति २०७७।०१।०३ को जिल्लास्तरीय कोरोनाभाइरस संक्रमण रोकथाम, उपचार समन्वय तथा अनुगमन समिति, झापाको निर्णय बैठकमा जानकारी भयो, साथै उल्लिखित निर्णय आआफ्नो कार्यक्षेत्रमा कार्यान्वयन हुन समेत निर्णय गरियो ।

**निर्णय नं. ४.** मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा साविक अन्य सेवा (स्थानीय निकाय) मा स्थायी नियुक्त स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ८५ को उपदफा (३) तथा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार यस नगर कार्यपालिकाको कार्यालयमा समायोजन भई कार्यरत कर्मचारीहरुमध्ये वि. सं. २०७७ भित्र कानुनअनुसारको उमेर हद पूरा नहुने (५८ वर्ष उमेर पूरा नहुने) भएपनि सेवाबाट अलग हुन चाहने कर्मचारीहरुलाई १ महिनाको सूचना दिई कार्यालयमा लिखित निवेदन दिन सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त हुने लिखित निवेदनको आधारमा रिक्त हुने देखिएको पदमा १ नं. प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति व्यवस्थाको लागि १ नं. प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विराटनगर, मोरङमा पदपूर्ति

मागआकृति फारम भरि पठाउने व्यवस्था गर्न तथा उल्लिखितअनुसारको लिखित निवेदन नपरेको हकमा कानुनअनुसारको उमेर हद पूरा नभई राजीनामा स्वीकृतिका लागि पेश हुने निवेदनउपर आ. व. २०७७।०७८ भरि कुनै पनि कार्यवाही (स्वीकृति वा सिफारिस) नगरिने व्यहोरा समेत सबै कर्मचारीहरुलाई जानकारी गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५.** मेचीनगर नगरपालिकाका विभिन्न वडाहरुबाट बैदेशिक रोजगारको लागि विदेश गएका व्यक्तिहरुको यथार्थ विवरण वडा कार्यालयहरुले संकलन गरी एक हप्ताभित्रमा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न निर्णय गरियो । साथै कोभिड–१९ को रोकथाम र नियन्त्रणको सन्दर्भमा सबै वडाहरुले सचेतनता अपनाउने निर्णय गरियो ।

**निर्णय नं. ६.** चालु आ. व. २०७६।०७७ मा नगर सभाबाट स्वीकृत भई कार्यान्वयनमा रहेका उपभोक्ता समिति र ठेकेदारमार्फत् सञ्चालित आयोजनाहरुको तोकिएको गुणस्तर र परिमाण अनुसारको काम भएको एकिन हुने गरी आयोजना सञ्चालनको कार्यान्वयनको चरणमै वडा समितिका पदाधिकारीहरु र नगर कार्यपालिकाका सम्पूर्ण पदधिकारीहरुले स्थलगत अनुगमन र सुपरिवेक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** मेचीनगर नगरपालिकाको वडा नं. ६ को काली खोलाको पक्की पुल छेउको किनारा तत्काल मर्मत सम्भार नगरिएमा वर्षाद्को समयमा ठूलै क्षति हुने सम्भावना भएकोले उक्त भत्किएको टेवा पर्खाल लगायतको कार्य रु. १५ लाखमा नबढाई मेचीनगर नगरपालिकाको मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी मर्मत सम्भार गर्न निर्णय गरियो ।